मितिः २०८१।०४।२५

# बुढानीलकण्ठ नगरपालिकाको ५० औं कार्यपालिका बैठकका निर्णयहरु

१. बुढानीलकण्ठ नगरपालिकामा नगरस्तरीय खेल मैदान निर्माणका लागि चालु आ.व.२०८१/८२ को नगरस्तरीय वार्षिक योजनाको नगर गौरबका आयोजनाहरुतर्फ सि.नं.७ बुढानीलकण्ठ खेल मैदान शीर्षकमा रु.५ करोड वजेट विनियोजन भएको हुनाले बुढानीलकण्ठ खेल मैदानको लागि बुढानीलकण्ठ नगरपालिका वडा नं.४ (साविक विष्णु गा.वि.स. वडा नं. ५ख२) को अनुसूची-१ बमोजिमको कि.नं. र क्षेत्रफलको निजी रैकर जग्गा खरिद गरी प्राप्त गर्न जग्गा खरिद प्रकृया अगाडी बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने।

२. गुरुदेव कन्स्ट्रक्सन प्रा.लि., बु.न.पा.-८, काठमाडौंलाई 'घ' वर्गको इजाजतपत्र प्रदान गर्ने।

३. विधायन समितिबाट पेश भएको "पशु चौपाय व्यवस्थापन कार्यविधि, २०८१" स्वीकृत गर्ने।

४. शहरी तथा पूर्वाधार विकास महाशाखाबाट सिफारिस भएका प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने।

४.१ दररेट सम्बन्धमा देहायअनुसार गर्ने।

(क) नगरपालिका क्षेत्रभित्र आ.ब.२०८१/८२ मा हुने निर्माण तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुल श्री जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट स्वीकृत भएको जिल्ला दररेटको आधारमा नगरपालिकाको दररेट स्वीकृत एवं अनुमोदन गर्ने।

(ख) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत सडक विभागबाट स्वीकृत Rate Analysis Of Road and Bridge works र तत्कालिन DOLIDAR बाट स्वीकृत सम्बन्धि Norms लाई आधार मानी यस नगरपालिका क्षेत्रभित्र सम्पूर्ण सडक तथा पुल सम्बन्धि कार्य गर्न दररेट स्वीकृत एवं अनुमोदन गर्ने।

(ग) शहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत Rate Analysis Of Building Construction works सम्बन्धि Norms लाई आधार मानी यस नगरपालिका क्षेत्रभित्र सम्पूर्ण भवन निर्माण सम्बन्धि कार्य गर्न दररेट स्वीकृत एवं अनुमोदन गर्ने।

(घ) पुरातत्व बिभागबाट स्वीकृत पुरातात्विक महत्व निर्माण कार्य सम्बन्धि Norms लाई आधार मानी यस नगरपालिका क्षेत्रभित्र सम्पूर्ण पुरातात्विक महत्व निर्माण सम्बन्धि कार्य गर्न दररेट स्वीकृत एवं अनुमोदन गर्ने।

४.२ अनुसूची-२ बमोजिमका आयोजनाहरु कार्यान्वयन गर्न यस नगरपालिकाको नाममा जग्गाको स्वामित्व ग्रहण प्रकृया अगाडि बढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने।

४.३ चालु आ.व.२०८१/८२ का नगरस्तरीय आयोजनाहरु नगर प्रमुखस्तरीय निर्णयानुसार कार्यान्वयन गर्ने।

४.४ Building Energy Efficiency of Nepal संग उर्जा प्रभावकारी भवन निर्माण सम्बन्धी MOU गर्न स्वीकृति दिने।

४.५ नगरपालिकाबाट भवन निर्माणको निर्माण इजाजत नलिई भवन निर्माण गरेका २०७९ साल असार मसान्तभित्र निर्मित भवनको नगरपालिकाको प्रचलित मापदण्डभित्र 12*12 को Pillar रहेको हकमा नगर प्रमुखस्तरीय निर्णय अनुसार ३५ दिनको समयसीमा तोकी सूचना प्रकाशन गरी नियमित गर्न स्वीकृति दिने।

४.६ नगरपालिकाको शहरी विकास तथा पूर्वाधार विकास महाशाखा अन्तर्गत कार्यरत कर्मचारीहरुको लागि ५ (पाँच) थान ल्यापटप खरिद गर्ने।

४.७ नगरपालिकाको कार्यालयद्वारा सञ्चालित आयोजनाहरुको नियमित अनुगमन गर्ने प्रयोजनका लागि सहायकस्तर चौथो सरहको ४ (चार) जना प्राविधिक सुपरभाइजर कर्मचारी दैनिक ज्यालादारी (डोर हाजिरी)मा नियुक्त गर्न स्वीकृति दिने।

५. जनस्वास्थ्य महाशाखाबाट सिफारिस भएका प्रस्ताव सम्बन्धमा देहाय बमोजिम गर्ने।

(क) गर्भवती तथा सुत्केरी आमाहरुलाई निःशुल्क Calcium वितरण गर्न जनस्वास्थ्य महाशाखाको विनियोजित बजेट शीर्षकबाट रु.५ लाखसम्म खरिद गर्न प्रकृया अगाडी बाढाउने।

(ख) नगरभित्रका विभिन्न स्वास्थ्य संस्थाहरुमा Date Expire भई मौज्दात रहेका औषधि तथा औषधिजन्य सामाग्रीहरु नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागद्वारा जारी मापदण्ड/निर्देशिका अनुसार नष्ट गर्ने प्रक्रिया अगाडी बढाउन जनस्वास्थ्य महाशाखालाई निर्देशन दिने।

(ग) नगरपालिकाभित्र रहेका प्राईभेट स्वास्थ्य संस्थाहरुलाई अनुगमन तथा मूल्याङ्कन समितिले विभिन्न मितिमा अनुगमन एवं मूल्याङ्कन गर्दा आवश्यक पूर्वाधार सन्तोषजनक पाईएका तपसिलमा उल्लेखित स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र प्रदान गर्ने।

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | प्रकार | कैफियत |
|---|---|---|---|---|
| १. | खुसी क्लिनिक | वडा नं.१२ | स्वास्थ्य क्लिनिक | |
| २. | बुढानीलकण्ठ हेल्थ केयर प्रा.लि. | वडा नं.३ | स्वास्थ्य क्लिनिक | |
| ३. | मेडिलाईफ हेल्थकेयर क्लिनिक प्रा.लि. | वडा नं.८ | "D" वर्गको प्रयोगशाला | |
| ४. | बुढानीलकण्ठ मेडिकल सेन्टर प्रा.लि. | वडा नं.३ | स्वास्थ्य क्लिनिक तथा "E" वर्गको प्रयोगशाला | |

| | | | | |
|---|---|---|---|---|
| ५. | पर्फेक्ट प्याथ ल्याब | वडा नं.७ | "D" वर्गको प्रयोगशाला | |
| ६. | महादेव क्लिनिक प्रा.लि. | वडा नं.३ | स्वास्थ्य क्लिनिक | |
| ७. | फेमली केयर मेडिसिन एण्ड डाइग्नोष्टिक प्रा.लि. | वडा नं.८ | स्वास्थ्य क्लिनिक | |

६. नगरपालिकामा कार्यरत कर्मचारीहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने।

(क) नगरपालिकामा कार्यरत ई. सौरभ लामिछाने नेपाल सरकारको २०२४ KOICA Scholarship Program अन्तर्गत University of Seoul, South Korea मा Masters in Urban Development (शहरी विकास सम्बन्धी विषयमा स्नातकोत्तर) अध्ययन गर्न छात्रवृत्ती सहित मनोनयन भएकोले बागमती प्रदेश सरकार, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५९ बमोजिम निजको माग अनुसार २०८१ श्रावण १३ देखि २०८२ माघ ११ सम्म तलबी अध्ययन विदा स्वीकृत गर्ने।

(ख) नगरपालिकामा करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरु (संलग्न अनुसुची-३)को करार अवधी (म्याद) तीन महिना थप गर्ने।

(ग) बागमती प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयको सिफारिस/छनौटमा नियुक्त कानूनी सहजकर्ता एलिजा अधिकारीको करार अवधि ३ महिना थप गर्ने।

७. विविध विषयहरुका सम्बन्धमा देहाय बमोजिम गर्ने।

७.१ वडा नं.३ स्थित स्वामी चन्द्रेशजी महाराजको समाधि स्थल निर्माण गर्न रु.१ लाख ५० हजार स्वीकृत गर्ने।

७.२ वडा नं.७ स्थित पाञ्चौर सामुदायिक भवनमा सञ्चालित भजन खलको भजन किर्तन र धार्मिक कार्यको लागि सामाग्रीहरु खरिद गर्न नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ भाषा, कला, साहित्य कार्यक्रम अन्तर्गत सि.नं.५ स्थानीय जात्रा धर्म पर्व परम्परागत तथा मौलिक सँस्कृति चाडपर्व शीर्षकबाट भुक्तानी हुने गरी रु.१ लाख ५० हजार स्वीकृत गर्ने।

७.३ वडा नं.९ स्थित राधाकृष्ण मन्दिरको लागि प्लाष्टिक कुर्सी-३० थान, त्रिपाल - १ थान, पानी खाने जग - २ थान, जारबाट पानी राख्ने भाडो - १ थान, साउण्ड सिस्टम - १ थान नगरपालिकाबाट खरिद गरी उपलब्ध गराउने।

७.४ वडा नं.१२ स्थित तेन्जिङ्गचोक दुर्गा मन्दिर सडक खण्डको साईड ड्रेन मर्मत तथा मंगल मर्मत गर्न नगरस्तरीय वार्षिक योजनाको नगरका क्रमागत आयोजनाहरु, पूँजीगत खर्च शीर्षकतर्फको सि.नं.४० वडा नं.१२ को विभिन्न सडक मर्मत शीर्षकबाट भुक्तानी हुने गरी रु.६ लाख स्वीकृत गर्ने।

निरञ्जन अधिकारी
नगर प्रमुख

७.५ The Recovering Group लाई दैनिक उपभोग्य खाद्यान्न (चामल ४० बोरा, दाल ३ बोरा, ग्यास भर्न ६ ओटा, तेल ३ बाक्सा र चना १ बोरा) नगरपालिकाबाट खरिद गरी उपलब्ध गर्ने।

७.६ जापानमा अगष्ट २४-२५, सन् २०२४ मा आयोजना हुने 9th Wado Ryu Karate-Do International Tournament मा सहभागि हुन नेपाली टोलीको लागि आर्थिक सहयोग रु.१ लाख ५० हजार नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ युवा तथा खेलकुद कार्यक्रम अन्तर्गत सि.नं.३ विभिन्न खेल कार्यक्रम सञ्चालन/सहयोग तथा खेलाडी सम्मान एवम् प्रोत्साहन शीर्षकबाट भुक्तानी हुने गरी स्वीकृत गर्ने।

७.७ ईन्द्रावती गाउँपालिका वडा नं.६, सिन्धुपाल्चोक स्थित फलाटेश्वर मन्दिर संरक्षण गर्न ईन्द्रावती गाउँपालिका वडा नं.६, सिन्धुपाल्चोकलाई नगरस्तरीय वार्षिक योजनाको पूँजीगततर्फको सि.नं.९५ विभिन्न मन्दिर, धर्मशाला, सार्वजनिक/सामुदायिक भवन मर्मत शीर्षकबाट भुक्तानी हुने गरी रु.१ लाख स्वीकृत गर्ने।

८. नगरपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको सम्बन्धमा देहाय बमोजिम गर्ने ।

८.१ विपद् व्यवस्थापनको कार्यको लागि नगरस्तरीय वार्षिक योजनाको चालुतर्फ सि.नं.४४ विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण कोष शीर्षकबाट भुक्तानी हुने गरी देहाय बमोजिम रकम स्वीकृत गर्ने ।

| क्र.सं. | निवेदकको नाम | विपद् सम्बन्धी विवरण | स्वीकृत रकम |
|---|---|---|---|
| १. | शोभा लामा, बु.न.पा.-४ | मिति २०८१/०२/१७ को हावाहुरीले टनेलमा क्षति पूऱ्याएको हुँदा राहत स्वरुप आर्थिक सहायता। | रु.१० हजार |
| २. | धननानी श्रेष्ठ, बु.न.पा.-१३ | निवेदकको धानखेतमा पहिरो गई धानखेती नष्ट गरेकोले राहत स्वरुप आर्थिक सहायता। | रु.७ हजार |
| ३. | शिव बहादुर महर्जन, बु.न.पा.-३ | निवेदकको धानखेतमा पहिरो गई धानखेती नष्ट गरेकोले राहत स्वरुप आर्थिक सहायता। | रु.५ हजार |
| ४. | गजलाल श्रेष्ठ, बु.न.पा.-१३ | मिति २०८१/०३/१३ को भारी वर्षाको कारण धानखेती नष्ट गरेकोले राहत स्वरुप आर्थिक सहायता। | रु.५ हजार |
| ५. | महेन्द्र श्रेष्ठ, बु.न.पा.-१३ | मिति २०८१/०३/१३ को भारी वर्षाको कारण धानखेती नष्ट गरेकोले राहत वापत आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.५ हजार |

| | | | |
|---|---|---|---|
| ६. | गोल्फुटार थापाटोल सुधार उपभोक्ता समिति, बु.न.पा.-८ | महाँकाल जनजागृत मा.वि. को उत्तरपट्टि सिमपाखामा अशोक नगरकोटीको घरमाथिको सार्वजनिक जग्गाको रिटेनिङ वाल भत्कीएर जोखिम रहेकोले वाल निर्माण गर्न। | रु.१ लाख |
| ७. | कान्छी पुटी लामा, बु.न.पा.-११ | भारी वर्षाको कारण घरको कम्पाउण्ड वाल भत्किएकोले निर्माणका लागि आर्थिक सहयोग। | रु.१ लाख |
| ८. | पुष्पा कार्की, बु.न.पा.-८ | निवेदकको जग्गाको पछाडिको भागमा पहिरो गएकोले संरक्षण गर्न आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.५० हजार |
| ९. | उपेन्द्र खड्का, बु.न.पा.-८ | निवेदकले संचालन गरेको कसमस ४२ सर्भिसमा बाढी छिरेको र क्षति भएकोले आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.१० हजार |
| १०. | अनिता कुमारी थापा (न्यू प्लान्ट हेभन नर्सरी), बु.न.पा.-८ | नर्सरीमा रहेका बोटबिरुवा अस्थायी टहरा डुबानमा परेकाले लत्ताकपडा रासन लगायतका कुरा क्षति भएकाले आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.५० हजार |
| ११. | राम कुमार लामा, बु.न.पा.-२ | घर अगाडि पहिरो गएकोले विपद् व्यवस्थापन गर्न आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.३० हजार |
| १२. | शिव शंकर नेपाली, बु.न.पा.-४ | नव युवा बाल सुधार समाज गृहको वाल भत्किएकोले वाल निर्माण गर्न। | रु.१ लाख |
| १३. | बिनोद बोहरा (बि एन्ड बि कृषि फर्म), बु.न.पा.-८ | वर्षाको कारण खहरे खोलाको बाढीले टनेल तथा तरकारी बाली पूर्ण रुपमा क्षति भएकोले आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.२५ हजार |
| १४. | बिसुराम खत्री, बु.न.पा.-१३ | बाढीले धानबाली क्षति भएकोले आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.५ हजार |
| १५. | बैकुण्ठ श्रेष्ठ, बु.न.पा.-१३ | बाढीले धानबाली क्षति भएकोले आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.१० हजार |
| १६. | कृष्ण काजी श्रेष्ठ, बु.न.पा.-१३ | बाढीले धानबाली क्षति भएकोले आर्थिक सहयोग स्वरुप नगद सहयोग। | रु.१० हजार |
| १७. | ११ नं. वडा कार्यालय | न्यू सेडल दाहाल बाजेको घर माथि पर्खाल | रु.१ लाख |

| | | | |
|---|---|---|---|
| | | लगाउन आर्थिक सहयोग। | |
| १८. | ११ नं. वडा कार्यालय | ओमराज श्रेष्ठको घर जाने बाटो पैयुटारमा नेवार वस्तीमा पर्खाल लगाउंन आर्थिक सहयोग। | रु.२ लाख |
| १९. | ११ नं. वडा कार्यालय | भद्रावस्ती कञ्चनकुवा जाने बाटोमा पर्खाल निर्माण गर्न आर्थिक सहयोग। | रु.६० हजार |
| २०. | राजु खड्का, बु.न.पा.-११ | निवेदकको घर अगाडी मिति २०८१/०४/०७ को वर्षाले पहिरो गई घरमा क्षति पुगेकोले सो संरक्षण गर्न आर्थिक सहयोग। | रु.१ लाख |

८.२ वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८१/०३/२४ गतेको बैठकको निर्णय नं.२ (मनसुनी विपद् कार्यमा खटिने नगर प्रहरी, ड्राईभर, लगायत Rapid Response Team का सदस्यहरुलाई २७ थान रेनकोट र बुट तथा २२ थान हेलमेट र पञ्जा खरिद गर्ने) अनुमोदन गर्ने।

८.३ वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८१/०४/०२ गतेको बैठकको निर्णय नं.२ (त्रिपाल १८*२४ फि. को ९१ थान, त्रिपाल १५*१८ फि. २५ थान र सिल्पाउलिन प्लाष्टिक ६*१०० मि. ४५ GSM को १ रोल खरिद गर्न प्रकृया अगाडि बढाउने) अनुमोदन गर्ने।

८.४ वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८१/०४/१४ गतेको बैठकको निर्णय नं.२ (मनसुनजन्य विपद्का घटनाहरु बढी रहेको अवस्थामा १० रोल सिल्पाउलिन प्लाष्टिक (६*५०) ४५ GSM खरिद गर्ने) अनुमोदन गर्ने।

९. सहयोग माग सम्बन्धमा देहाय बमोजिम गर्ने।

| क्र.सं. | माग गर्ने संस्था/निकाय/व्यक्ति | विषय/प्रयोजन | स्वीकृत रकम | भुक्तानी शीर्षक (नगरस्तरीय योजनाको) |
|---|---|---|---|---|
| १. | Ever Green Worldwide Entertainment | राष्ट्रिय व्यक्तित्व सम्मान तथा विविध साँस्कृतिक कार्यक्रम २०८१ को लागि प्रायोजन गर्न। | ५० हजार | अन्य सहायता चालुतर्फ सि.नं.३६ |
| २. | क्यान्सर कियर राजन विश्वकर्मा एशोसियसन | आर्थिक सहयोग। | ५० हजार | अन्य सहायता |
| ३. | अखिल नेपाल जनजाती सम्मेलन | विश्व आदिवासी दिवस २०८१ अगस्त ९ को सहयोग सम्बन्धमा। | २५ हजार | |
| ४. | सृजना अधिकारी, वडा नं.८ | २२ औं एशियन क्याडेट प्रतियोगितामा रेफ्रीको भूमिकामा सहभागि हुन आर्थिक सहयोग। | रु.२५ हजार | युवा तथा खेलकुद सि.नं.३ |

| | | | | |
|---|---|---|---|---|
| ५. | नेपालका लागि शिक्षा र अनुसन्धान केन्द्र (CERIN) | अन्तर विद्यालय खुल्ला फुटसल प्रतियोगिता सञ्चालनका लागि आर्थिक सहयोग। | रु.७५ हजार | युवा तथा खेलकुद सि.नं.३ |
| ६. | काठमाडौं खेलकुद समाज (कपन डोजो) | खेलकुद सामाग्रीहरु खरिद गर्न। | रु.५० हजार | युवा तथा खेलकुद सि.नं.३ |
| ७. | ब्रह्मज्ञान केन्द्र (Supreme Knowledge Center) | उपचार यन्त्र निर्माण गर्न आर्थिक सहयोग। | रु.५० हजार | अन्य सहायता |
| ८. | कपन शेर्पा समिति किदुखः | सम्बोटा लिपि कक्षा निरन्तरताको लागि १ जना शिक्षक व्यवस्थापन गर्न आर्थिक सहयोग। | रु.१ लाख | अन्य सहायता |
| ९. | नेपाल टईगर्स तेक्वान्दो डोजाङ्ग | ४९ औं कार्यपालिका बैठकमा निर्णय भएको रकम भुक्तानी दिन। | रु.५० हजार | युवा तथा खेलकुद सि.नं.३ |

१०. तपसिल बमोजिमका ठेक्काको सम्बन्धित निर्माण कम्पनीबाट थप Bank Guarantee, Insurance र work schedule माग गरी म्याद थप गर्ने।

| S.N. | Tender No. | Tender Details | Extension of Time |
|---|---|---|---|
| 1. | NCB/BNP/CW/080_081/21 | Construction of Water Tank at Shantibatika Ward no.7 | 2081/06/15 |
| 2. | NCB/BNP/CW/080_081/25 | Construction of Asphalt Road at Nayabasti Ghatta Sadak at Ward No.13 | 2081/06/30 |
| 3. | NCB/BNP/CW/080_081/04 | Construction of Boundary Wall at Tallo Khatri Park-7 | 2081/06/15 |
| 4. | NCB/BNP/CW/079_080/07 | Construction of Upper Storeys of Jestha Nagarik Bhawan inside Premises of Jestha Nagarik Park-2 | 2081/06/30 |
| 5. | NCB/BNP/CW/079_080/11 | Construction of Blacktopped road from Gurung Chowk to Mayal Chautara, Ward no.4 | 2081/06/30 |
| 6. | NCB/BNP/CW/079_080/17 | Construction of Premix road on Barfedi Ekatabasti, Ward no.9 | 2081/06/30 |

| | | | |
|---|---|---|---|
| 7. | NCB/BNP/CW/079_080 /29 | Construction of Upper Storeys of Rudreswor Dharmasala with finishing works at Budhanilkantha Municipality ward no.2 | 2081/06/30 |
| 8. | NCB/BNP/CW/079_080 /04 | Construction of RCC Road and Masonry wall at Chisine Road | 2081/06/30 |
| 9. | NCB/BNP/CW/080_081 /15 | Construction of Boundary wall at Pasikot Meditation Park at ward no.4 | 2081/08/30 |
| 10. | NCB/BNP/CW/080_081 /16 | Finishing works at Ward Bhawan ward no.7 | 2081/04/32 |
| 11. | NCB/BNP/GW/080_081 /06 | Supply, Delivery, Installation, Testing and Commissioning of Elevator (Lift)-1 No. at Budhanilkantha Municipality Office, Ward no.8 | 2081/05/24 |
| 12. | NCB/BNP/CW/077_078 /40 | Construction of Sewer Line, RCC road and Asphalt road at Italitar | 2081/06/30 |
| 13. | Re-NCB/BNP/CW/078_079 /20 | Maintenance of road at ward no.4 (Ananda Marga, Kapur Chowk and associated roads) ward no.5 (Yangla Club road and associated roads) and ward no.6 (Chyasindole road and associated road and other associated roads) | 2081/06/30 |
| 14. | Re-NCB/BNP/CW/078_079 /21 | Maintenance of road at ward no.8 (Rudramati Marga, Pani Factory and associated roads) ward no.9 (Siradi Colony and associated roads) | 2081/06/30 |
| 15. | NCB/BNP/CW/079_080 /06 | Construction of Blacktopped Road in Nilopul and Dhalane Road | 2081/0630 |
| 16. | NCB/BNP/CW/079_080 /09 | Construction of Blacktopped Road From Golden chowk to Shreeram school | 2081/06/30 |
| 17. | NCB/BNP/CW/077_078 /38 | Construction of Samudayik Bhawan, Ward no.9 | 2081/07/30 |
| 18. | NCB/BNP/CW/078_079 /21 | Construction of Ward no.3 Office Building | 2081/07/30 |

चिरराम अधिकारी
नगर प्रमुख